०७१-५७७२९२

देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन् ,घाटगद्दी एव विक्री कार्यको बोलपत्र आव्हान सम्बन्धित सुचना

**(विधुतिय बोलपत्र)**

(प्रथम पटक प्रकाशित मिति २०७९-१२-१९

स्थानिय सरकार सञ्चालन ऐन,२०७४को दफा ६२क, नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी, बालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, देवदह नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७७ को प्रथम संसोधन २०७९ लगायतको व्यवस्था बमोजिम तपसिलका उल्लेखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् एव बिक्री गर्बे गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनी तथा सप्लार्यसहरुले नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| न | बोलपत्र नं | खोलाको नाम | नदिजन्य पदार्थ संकलन गरिने स्थान | उत्खनन् गर्नुपर्ने परिमाण घ फि | न्युनतम कबोल रकम रु मु अ कर बाहेक | धरौटी | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | घोडाहा दाउन्ने खोला देवदह-६ | | | | | मु अ कर सहितको कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबर को बैंक जमानत | |
| | MUN-RM-01-079-80 | खण्ड १ | 27°39'28.86''N,83°35'1.71''E-27°39'43.20''N,83°35'19.97''E | ३६७६२६।०२ | ५५१४३९०।३० | | ३०००। |
| | MUN-RM-02-079-80 | खण्ड २ | 27°39'44.43''N,83°35'22.78''E-27°40'0.81''N,83°35'43.70''E | ३६१९७५।६७ | ५४२९६३५।०५ | | ३०००। |
| | MUN-RM-03-079-80 | खण्ड ३ | 27°40'1.58''N,83°35'44.03''E-27°40'23.83''N,83°36'07,02''E | ५०३२३४।४७ | ७५४८५१७।०५ | | ३०००। |
| २ | घोडाहा सरन खोला देवदह-६ र ९ | | | | | | |
| | MUN-RM-04-079-80 | खण्ड २ | 27°39'56.54''N,83°34'42.40''E-27°40'18.74''N,83°34'29.62''E | ३३९०२१।१२ | ५०८५३१६।८० | | ३०००। |
| ३ | भलुही खोला देवदह-६ | | | | | | |
| | MUN-RM-05-079-80 | खण्ड १ | 27°39'44.64''N,83°32'22.81''E-27°39'48.31''N, 83°32'23.02''E | ३८९४१५।१९ | ५८४१२२७।८५ | | ३०००। |
| | | खण्ड २ | 27°39'49.72''N,83°32'23.50''E-27°39'51.30''N, 83°32'26.01''E | | | | |
| | | खण्ड ३ | 27°39'51.35''N,83°32'26.56''E-27°39'50.24''N,83°32'29.02''E | | | | |
| | | खण्ड ४ | 27°39'54.95''N,83°32'41.61''E-27°40'3.58''N,83°32'51.96''E | | | | |
| | | खण्ड ५ | 27°40'3.35''N,83°32'52.72''E-27°40'15.41''N,83°32'57.39''E | | | | |

२०७९।१२।१८

प्रदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | रोहिणी खोला देवदह-१० | | | | | | |
| | MUN-RM-06-079-80 | खण्ड १ | 27°39'41.20''N,83°31'14.49''E-27°39'46.22''N,83°31'11.83''E | ४५५९३७।४९ | ६८३९०६२।३५ | | ३०००। |
| | | खण्ड २ | 27°39'43.32''N,83°31'12.99''E-27°39'48.35''N,83°31'7.30''E | | | | |
| | MUN-RM-07-079-80 | खण्ड ३ | 27°39'48.37''N,83°31'0.86''E-27°39'59.67''N,83°31'3.89''E | ६०२५०४।०९ | ९०३७५६१।३५ | | ३०००। |
| ५ | घोडाहा खोला देवदह-८ | | | | | | |
| | MUN-RM-08-079-80 | खण्ड १ | 27°38'55.17''N,83°34'3.41''E-27°38'51.32''N,83°33'57.31''E | ४३४१५८।९२ | ६५१२३८३।८० | | ३०००। |
| | | खण्ड २ | 27°38'49.54''N,83°33'54.69''E-27°38'46.34''N,83°33'50.32''E | | | | |
| | | खण्ड ३ | 27°38'44.23''N,83°33'47.80''E-27°38'35.16''N,83°33'42.23''E | | | | |
| | MUN-RM-09-079-80 | खण्ड ४ | 27°38'36.10''N,83°33'42.17''E-27°38'39.08''N,83°33'37.91''E | ३४३२५८।८८ | ५१४८८८३।२० | | ३०००। |
| | MUN-RM-10-079-80 | खण्ड ५ | 27°38'39.73''N,83°33'36.84''E-27°38'40.29''N,83°33'33.20''E | ३९२३११।०१ | ५८८४६६५।१५ | | |
| | | खण्ड ६ | 27°38'37.24''N,83°33'27.66''E-27°38'34.01''N,83°33'16.59''E | | | | |
| | | | | | | | |

नोटः माथि तालिकामा सि.नं. १ देखि ३ सम्म राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट नदीजन्य पदार्थवाट उत्खनन, संकलन सहमति भए बमोजिम तथा सि.नं. ४ र ५ देवदह नगर कार्यपालिकाको मिति २०७९/०९/१९ गतेको बैठकले IEE स्वीकृत गरे बमोजिम नदिजन्य पदार्थको विवरण उल्लेख गरिएको ।

**ठेक्का बन्दोवस्ति सम्बन्धि शर्तहरुः**

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८-०७९को करचुक्ता प्रमाणपत्र प्रतिलिपि, बोलपत्र फारम दस्तुर वापतको रकम देवदह नगरपालिका कार्यलयको नाममा रहेको NIC ASIA बैंकको ग१.१ अन्तरिक राजस्व खाता नं ०१५२०५००२९५७२००२ मा ठेक्का नं र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैंक भौचर पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गर्न सकिन्छ । Letter of Bid लाई ठेक्काको अभिन्न अंग मानिनेछ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धि कागजातसाथ संलग्न गरि यो सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२ बजे भित्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

३. फर्मले कबोल गरेको अंकमा मु.अ.कर समेत जोडी हुन आउने रकमको ५% धरौटी रकम NIC ASIA बैंकमा रहेको यस देवदह नगरपालिका कार्यलयको ग१.१ स्थानिय तह धरौटी खाता नं १५CA०५१२७६६५२४०१ मा जम्मा गरी सो को भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड बोलपत्र साथ समावेश गर्नुपर्नेछ ।

२०७९।१०।१६

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

४. रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता फर्मका प्रोपराइटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा सो कार्य बिदा सकिए पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले १५औं दिन दिनको २:०० बजे देवदह नगरपालिका कार्यलयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नेछन्। उक्त दिन विदा परेमा उक्त बैठक त्यस लगत्तै कार्यालय खुलेको दिनमा सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धि थप जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न वा यस कार्यलयमा सम्पर्क गर्न अनुरोध छ। रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भई आशयको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको शत प्रतिशत (नगद, बैङ्क भौचर सहित) हुन आउने रकम अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १३% मुल्य अभिवृद्धि कर र १.५% अग्रिम आय कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर समेत यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

८.क) स्वीकृत दरभाउपत्रदाता/वोलपत्रदाताले तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको(फर्म) नाममा रहेको धरौटी रकम जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ ।

ख)तत्पश्चात दोस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि ७ दिनको म्याद दिई सूचना दिनुपर्नेछ र तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नाममा धरौटी जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ।

ग )तत्पश्चात तेस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि ७ दिनको म्याद दिई सूचना दिनुपर्नेछ र तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नाममा धरौटी जफत गरी कालोसूचीमा राख्न यस कार्यालयमा गठित मुल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नेछ।

९. यस नगरपालिकालाई नदिजन्य पदार्थ सम्बन्धी कुनै राजस्व असुली रकम तिर्न बाँकी भएका फर्म/सप्लार्यसको दरभाउपत्र/बोलपत्र स्वीकृत गरिनेछैन ।

१०. स्वीकृत बोलपत्रदाता/दरभाउपत्रदातालाई कार्यालय (वातावरण वा राजस्व शाखा)ले प्रमाणित विक्रि रसिद/आदेश जारी गर्नुपर्नेछ।

११. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चुरे संरक्षण क्षेत्रमा पर्ने खोलाहरुको हकमा श्री राष्ट्रपति तराई मधेश चुरे संरक्षण समितिबाट जारी शर्तहरु:

१. वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७, वन ऐन २०७६, वन नियमावली २०७९, ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे संरक्षण क्षेत्रमा बिकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७, जिल्ला अनुगमन समितिको निर्णय र अन्य प्रचलित नियमको पूर्ण रुपमा पालना गर्ने ।

२. उत्खनन्, संकलन गर्दा खोला बगरको जम्मा चौडाइको एक/एक तिहाइ भाग दुवै किंनारबाट छोडी बिचको एक तिहाई भागबाट मात्र खोलामा मुख्य च्यानलको सतह भन्दा उच्च भागमा थुप्रान भएको तोकिए बमोजिमको नाप र परिमाणमा मात्र उत्खनन्, संकलन गर्ने ।

३. सिंचाई कुलो, बाँध, बाटो, पुल, निजि जग्गा / सम्पत्ति, खेतियोज्य जमिन, वनक्षेत्रमा कुनै असर पर्ने गरि उत्खनन/संकलन नगर्ने, पक्कि तथा झुलुंगे पुलबाट ५०० मि. माथि र १ कि.मि. तलको क्षेत्रबाट उत्खनन् / संकलन नगर्ने

४. वातावरण संरक्षण नियमावली २०७७ को प्रारम्भिक वातावरणीय परिक्षणको प्रावधान अनुसार दैनिक ३०० घ.मि. नवढ्ने गरी मात्र उत्खनन / संकलन गर्ने ।

५. बिद्यालय लगायत अन्य सार्वजनिक जमघट हुने कार्यालय / स्थानको छेउछाउबाट ओसारपसार कार्य नगर्ने र बिद्यालय जाने र फर्कने समय तथा स्थानीय चाडवाड, मेला, महोत्सव आदिको दिनमा समेत ओसारपसार कार्य नगर्ने ।

६. प्रस्तावित क्षेत्रहरु राजमार्गबाट कच्ची बाटोमा रहेकोले ओसारपसार कार्य गर्दा कच्ची बाटोमा धुलो उडी वायु प्रदुषण, बस्तिहरुमा ध्वनि प्रदुषण, बाटो बिग्रने आदि हुनसक्ने भएकोले सो प्रभाव न्यूनीकरणको उपायहरु अपनाउनु पर्ने ।

७. उत्खनन्/संकलन कार्य तोकिएको समयावधि भित्र गर्ने र बढीमा आगामी २०८० जेष्ठ मसान्त सम्म गर्ने तर अन्तिम स्वीकृत परिमाणमा उत्खनन्/संकलन कार्य पुरा हुँदासाथ् सो घाट क्षेत्र बन्द गर्ने ।

८. उत्खनन्, संकलन गर्ने स्थलमा सबैले देख्ने गरी प्रस्तावित क्षेत्र, परिमाण, बिधि, समयावधि, व्यवसायी, राजस्व आदी जस्ता व्योहोरा खुलाई होर्डिंग बोर्ड राख्ने ।

९. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

२०८०।१०।२१६

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत